**वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि विभागबाट इजाजतपत्र प्राप्त संस्थाहरुका लागि वैदेशिक रोजगार नियमावली,२०६४ (पछिल्लो संसोधन-२०७६-०५-०१) मा भएको व्यवस्थाहरुको बारेको अत्यन्त जरुरी सूचना !!**

१. नियमावलीको नियम ६ को उपनियम १ को (च) मा भएको सञ्चालकको अनुभव सम्बन्धी व्यवस्था खारेज गरिएको छ ।

२. नियमावलीको नियम ६ मा देहायका व्यवस्था सहितका उपनियमहरु थपिएका छन ।

**देहायः**

(3) इजाजतपत्रवालाले आफ्नो स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्दा विभागको स्वीकृति लिनु पर्नेछ ।

(४) उपनियम (3) को प्रयोजनको लागि विभागले स्वीकृति दिँदा कुनै इजाजतपत्रवालालाई दुई आर्थिक वर्षमा बढीमा एक पटक स्वामित्व हस्तान्तरण वा परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

(५) विभागले मन्त्रालयको स्वीकृति लिई इजाजतपत्रको नम्बर अध्यावधिक गर्न आवश्यक व्यवस्था मिलाउनेछ ।

३. नियमावलीको नियम ७ मा देहायका व्यवस्था सहितका उपनियमहरु थपिएका छन ।

**देहायः**

(३) इजाजतपत्रवालाहरू एक आपसमा गाभिएमा गाभिनु अघि कायम रहेका इजाजतपत्रवालाको नाममा रहेका बैङ्क ग्यारेण्टीलाई गाभिएपछि कायम हुने इजाजतपत्रवालाको नाममा कायम गर्ने गरी सम्बन्धित बैङ्कबाट अद्यावधिक गरिएमा त्यस्तो बैङ्क ग्यारेण्टीको अवधि र रकम लाई गाभिएपछि कायम हुने इजाजतपत्रवालाको बैङ्क ग्यारेण्टीमा गणना गरिनेछ ।

(४) उपनियम (३) को प्रयोजनको लागि बैङ्क ग्यारेण्टी अद्यावधिक गर्दा बैंङ्क ग्यारेण्टीको अवधिमा एकरुपता कायम हुने गरी गर्नु पर्नेछ ।

४. नियमावलीको नियम ८ मा देहायका व्यवस्था सहितका उपनियमहरु थपिएका छन ।

**देहायः**

"८क. इजाजतपत्रवाला एक आपसमा गाभिन सक्ने व्यवस्था बमोजिमः

(1) इजाजतपत्रवालाहरू एक आपसमा गाभिन चाहेमा त्यसरी गाभिनको लागि गरिएको सम्झौता सहित गाभिने इजाजतपत्रवालाहरुले विभागमा निवेदन दिनुपर्छ ।

(२) त्यसरी प्राप्त निवेदन बमोजिम निवेदन प्राप्त भएपछि इजाजतपत्रवालाहरु गाभिन उपयुक्त देखिएमा विभागले सोको लागि सैद्धान्तिक सहमति दिनेछ ।सो को विधि र प्रकृया विभागले मिति २०७६।०४।२६ मा वेभसाइटमा राखेको छ।

(3) विभागबाट सहमति प्राप्त भई प्रचलित कानून बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रकृया पूरा भई गाभिएर कायम भएको संस्थाले विभाग समक्ष इजाजतपत्रको लागि निवेदन दिनुपर्छ ।

(4) गाभिएर आएको संस्थाको निवेदन परेपछि विभागले कागजात जाँच गरी त्यस्तो संस्थालाई इजाजतपत्र दिन्छ ।

(5) त्यसरी इजाजतपत्र दिँदा थप इजाजतपत्र दस्तुर लाग्दैन।

(6) गाभिएका इजाजतपत्रवालाहरूको सम्पूर्ण जायजेथा तथा दायित्व नयाँ कायम भएको इजाजतपत्रवालामा सर्नेछ।यसरी गाभिनु अघि इजाजतपत्रवालाहरूले प्राप्त गरेको मागपत्र, करारपत्र, अख्तियारीनामा, पूर्व स्वीकृति, भिषा स्ट्याम्पिङ,

अन्तिम स्वीकृति र गाभिनु अघिको उजुरी वा दायित्व फरफारक गर्ने लगायतका विषयहरू स्वतः उपनियम (४) बमोजिमको इजाजतपत्रवालाको दायित्वमा सर्नेछन् ।

(८) इजाजतपत्रवालाहरु गाभिएको सूचना सम्बन्धित संस्थाले राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

५. नियमावलीको नियम १२क.- पूर्वस्वीकृतिको अवधि लगायतका बिषयः

इजाजतपत्रवालालाई दिइएको पूर्वस्वीकृति बढीमा दुई वर्ष कायम रहनेछ ।

६. संस्थाले श्रम स्वीकृतिको निस्सा (स्टिकर) लगाउन विभागसमक्ष निवेदन दिंदा कामदारले आफ्नो वा आफ्नो हकवालाको नाममा बैङ्कमा खाता खोलेको प्रमाण पेश गर्नुपर्नेछ ।

७. इजाजतपत्र प्राप्त संस्थाको सञ्चालक र निजको एकाघर सगोलका परिवारका सदस्यले अभिमूखिकरण सस्था सञ्चालन गर्न पाउने छैन।

८. शाखा कार्यालय सञ्चालन गर्ने प्रमूख व्यक्ति "इजाजतपत्रवालाका कर्मचारीहरुमध्ये" बाट नै हुनुपर्ने व्यवस्था गरिएकोछ।

९. शाखा कार्यालय सञ्चालनमा रहेका र सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्थाहरुले शाखाका लागि राख्नुपर्ने धरौटी रकम रू. दुई लाख भएकोमा रू.पाँच लाख राख्नुपर्नेछ।

**ध्यानाकर्षणः** धरौटी बृद्धि गरिसक्नु पर्ने म्याद यही २०७६ भदौ १८ गतेसम्म मात्र भएको र अन्तिम दिनहरुमा सबैले एकसाथ धरौटी बृद्धि तथा गाभिने प्रकृयाका लागि निवेदन दिंदा विभागमा अत्यधिक कार्यबोझ/चाप हुने भएकोले छिटोभन्दा छिटो धरौटी बृद्धि गरिएको प्रमाण पेश गर्नुहुन वा गाभिनुपर्ने अवस्था भएमा गाभिनका लागि पेज नं ३ मा उल्लिखित प्रकृया पुर्‍याई विभागबाट सैद्धान्तिक सहमति लिने कार्य गर्नुहुन समेत सबैमा जानकारी गराइन्छ। म्यादभित्र वैदेशिक रोजगार ऐन र नियमावलीको संशोधित व्यवस्था पालना नगरेमा इजाजतपत्र रद्द हुने समेत सबैमा जानकारी गराइन्छ।

**निर्णयहरु :**

वैदेशिक रोजगार ऐन, २०६४ दफा ११, ११क र ११ख मा भएको व्यवस्था कार्यान्वयन गर्नका लागि देहायको प्रकृया पूरा गर्नु गराउन पर्ने —

१. कम्पनी ऐन, २०६३ को दफा १७७ को प्रकृया अवलम्बन गर्नु पर्ने —
   - गाभ्ने, गाभिने सम्बन्धमा सम्बन्धित संस्थाहरुको सञ्चालक समितिबाट निर्णय गर्ने,
   - साधारण सभा/विशेष साधारण सभाबाट गाभिने प्रकृयामा जान विशेष प्रस्ताव पारित गर्ने,

२. कम्पनी रजिष्ट्रारको कार्यालयमा देहाय बमोजिमका कागजातहरु संलग्न गरी निवेदन गर्ने —
   - प्रवन्धपत्र, नियमावलीको सम्बन्धित दफा/नियम उल्लेख गरी गाभिने निर्णय
   - गाभिने कम्पनीको गाभिने दिन सम्मको वासलात र लेखा परीक्षकको प्रतिवेदन (Audit Report) साधारण सभा/विशेष साधारण सभामा पेश गरेको वासलात र लेखा परीक्षणको प्रतिवेदन तयार भएपछि गाभिने प्रकृया सम्पन्न नभए सम्म गाभिई जाने कम्पनीले कुनै किसिमको कारोवार गरेमा सो को कारोवार/दायित्व समेत र व्यहोर्ने कबुलियतनामा सम्बन्धित पक्षले गरी कम्पनी रजिष्ट्रार कार्यालयमा दफा १७७ बमोजिमको विवरण पेश गर्दा नै पेश गर्ने र सोको जानकारी वैदेशिक रोजगार विभागमा समेत दिने ।
   - गाभ्ने, गाभिने कम्पनीले ऋण लिएको भए साहुहरुको गाभ्ने, गाभिने सहमति,
   - गाभ्ने, गाभिने कम्पनीको मुल्याङ्कन, सम्पति र दायित्व सम्बन्धी विवरण,
   - गाभ्ने, गाभिने कम्पनीका साहु, कामदार, कर्मचारी सम्बन्धमा भएको निर्णय
   - संस्थाहरुबीच भएको एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा भएको सहमति पत्र

३. कम्पनी रजिष्ट्रारको कार्यालयबाट विभागमा सैद्धान्तिक सहमति माग गरिएको पत्र पेश गर्ने ।

४. विभागमा सैद्धान्तिक सहमति माग गर्दा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरु समावेश गर्ने ।

५. विभागबाट प्राप्त सैद्धान्तिक सहमतिको पत्र पुनः कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्ने ।

६. कम्पनी रजिष्ट्रारको कार्यालयबाट सम्बन्धित संस्थाहरु एक आपसमा गाभिएको विषयको पत्र पुनः विभागमा पेश गर्ने ।

७. विभागमा उक्त पत्र पेश गर्दा बैङ्क ग्यारेण्टी र नगद धरौटी समेत पेश गर्ने । वैदेशिक रोजगार ऐन, २०६४ मा भएको व्यवस्थां बमोजिम गाभ्ने, गाभिने इजाजतपत्र प्राप्त संस्थाहरुले एकभन्दा बढी बैङ्कहरुबाट प्राप्त गरेको बैङ्क ग्यारेण्टीको अवधि र रकम मिलान गर्न सक्न पाउने व्यवस्था गर्नका लागी नेपाल बैंकर्स एशोसिएसनमा अनुरोध गर्ने ।

८. दुई वा दुई भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाहरुमा संचालक/शेयरधनी भएको व्यक्तिले आफ्नो स्वेच्छाले कुनै एक संस्था छोड्न चाहेमा सो को विवरण खुलाई विभाग समक्ष निवेदन दिने । यस विषयमा विभागबाट गरिएको निर्णय बमोजिम हुने ।

९. शेयर खरिद विक्री दाखिल खारेज गर्दा आंशिक रुपले शेयरधनी परिवर्तन हुने हकमा मर्जर प्रकृया/धरौटी वृद्धिका लागि पर्याप्त समय सम्बन्धित कम्पनीले राखी विभागमा दिएको निवेदन उपर विभागले सूचना प्रकाशनको प्रकृयामा नलगी सहमति प्रदान गर्ने ।